आर्थिक
अभियान

सोमवार, २ माघ २०७९ | Monday, 16 January 2023

# स्वावलम्बन लघुवित्त वित्तीय संस्था लि.
# Swabalamban Laghubitta Bittiya Sanstha Ltd.

नेपाल राष्ट्र बैंकबाट "घ" वर्गको ईजाजतपत्रप्राप्त संस्था (राष्ट्रिय स्तरको)
केन्द्रीय कार्यालयः कमलपोखरी, काठमाडौं।
फोन नं.: ०१-४५३४९२१/२२, फ्याक्सः ०१-४५४१५२५

## आवश्यकता

(प्रथम पटक सूचना प्रकाशन मिति : २०७९/१०/०२)

यस वित्तीय संस्थामा रिक्त रहेका तपसिल बमोजिमका पदहरु खुल्ला प्रतियोगितात्मक परीक्षाद्वारा पदपूर्ति गर्नुपर्ने भएकोले योग्यता पुगेका उमेदवारहरुले यो सूचना प्रकाशन भएको मितिले १५ दिनभित्र यस वित्तीय संस्थाको तल उल्लिखित ठेगानामा दरखास्त दिनुहुन आव्हान गरिन्छ। वित्तीय संस्थाको हितलाई ध्यानमा राखी प्राप्त दरखास्तहरु कारण खोली वा नखोली अस्वीकृत गर्ने वा यस विज्ञापनलाई रद्द गर्ने सबै अधिकार यस वित्तीय संस्थामा सुरक्षित रहनेछ।

### तपसिल

१. विज्ञापन नं.,पद, आवश्यक संख्या, आवश्यक न्यूनतम शैक्षिक योग्यता र अनुभव तथा सीप

| विज्ञापन नं. | पद | तह | संख्या | आवश्यक न्यूनतम शैक्षिक योग्यता तथा सीप | कार्यअनुभव/अन्य |
|---|---|---|---|---|---|
| २. ०७९/८० | वरिष्ठ प्रबन्धक (सूचना प्रविधि) | ८ | १ | मान्यता प्राप्त शिक्षण संस्थाबाट स्नातकोत्तर सरहको ME/MSc IT/MIT/MCIS वा Equivalent Degree उत्तीर्ण गरेको। | बैक तथा वित्तीय संस्था/ कम्पनीको सूचना प्रविधि विभागको कार्य अनुभव भएमा प्राथमिकता दिईनेछ। |
| ३. ०७९/८० | प्रबन्धक (चार्टर्ड एकाउण्टेन्ट) | ७ | १ | मान्यता प्राप्त शिक्षण संस्थाबाट चार्टर्ड एकाउण्टेन्ट सहित स्नातकोत्तर तह उत्तीर्ण गरेको। | बैक तथा वित्तीय संस्था/कम्पनी, एकाउण्टिङ्ग फर्मको कार्य अनुभव भएमा प्राथमिकता दिईनेछ। |
| ४. ०७९/८० | सहायक प्रबन्धक (सूचना प्रविधि) | ६ | २ | मान्यता प्राप्त शिक्षण संस्थाबाट स्नातक सरहको BE/BSc IT/BIT/BCIS वा Equivalent Degree उत्तीर्ण गरेको। | बैक तथा वित्तीय संस्था/ कम्पनीको सूचना प्रविधि विभागको कार्य अनुभव भएमा प्राथमिकता दिईनेछ। |
| ५. ०७९/८० | सहायक प्रबन्धक (प्रशिक्षार्थी) | ६ | ७ | मान्यता प्राप्त शिक्षण संस्थाबाट स्नातक सरहको BCom/BBS/BBA वा Equivalent Degree उत्तीर्ण गरेको र कम्तीमा ३ महिना वा ७५ दिन वा १८० घण्टाको आधारभूत कम्प्युटर तालिम लिएको प्रमाणपत्र प्राप्त गरेको हुनुपर्नेछ। | लघुवित्त संस्थाको कार्य अनुभव तथा मोटरसाईकल/ स्कुटरको चालक अनुमतिपत्र प्राप्त गरेको भएमा प्राथमिकता दिइनेछ। |

२. **उमेर** : दरखास्त दिने अन्तिम मितिमा १८ वर्ष पुरा भई ३५ वर्ष ननाघेको हुनुपर्नेछ। तर महिला उमेदवारको हकमा ४० वर्ष ननाघेको हुनुपर्नेछ।

३. **प्रतियोगिताको किसिम** : वरिष्ठ प्रबन्धक (सूचना प्रविधि), प्रबन्धक (चार्टर्ड एकाउण्टेन्ट) र सहायक प्रबन्धक (सूचना प्रविधि) पदका लागि (क) लिखित परीक्षा (ख) प्रस्तुतिकरण ग) अन्तर्वार्ता र सहायक प्रबन्धक (प्रशिक्षार्थी) पदका लागि (क) लिखित परीक्षा (ख) फिल्ड अवधारणा (ग) कम्प्युटर संचालन सम्बन्धी प्रयोगात्मक परीक्षा (घ) अन्तर्वार्ता।

४. **छोटो सूची**: लिखित परीक्षाको लागि प्राप्त दरखास्तहरु मध्ये वित्तीय संस्थाले तोकेको योग्यता पुगेको आधारमा छोटो सूची प्रकाशित गरिनेछ। सो सूचीमा छनौट भएका आबेदकहरुलाई परीक्षा हुने मिति, समय र स्थानको सूचना वित्तीय संस्थाको केन्द्रीय कार्यालयको सूचना पाटी र वित्तीय संस्थाको वेवसाइट www.swbbl.com.np मा सूचना प्रकाशन गरी जानकारी गराइनेछ।

५. **परीक्षा दस्तुर**: लिखित परीक्षाको लागि छोटो सूचीमा छनौट भएका आबेदकहरुले लिखित परीक्षाको प्रवेश पत्र लिन आउँदा परीक्षा दस्तुर वापत रु.१,०००/-(अक्षरेपि एक हजार मात्र) नगद बुझाउनु पर्नेछ। प्रवेश पत्र बुझेका उमेदवारहरु परीक्षामा सामेल हुन नआएमा परीक्षा दस्तुर फिर्ता गरिने छैन।

६. **पाठ्यक्रम** : परीक्षाको पाठ्यक्रम वित्तीय संस्थाको वेवसाईटमा अद्यावधिक गरिनेछ।

७. परीक्षाको सम्पूर्ण प्रकृया पुरा गरी उत्तीर्ण भई योग्यताक्रमानुसार सिफारिस भएका उम्मेदवारलाई मात्र वित्तीय संस्थाको नियमानुसार परीक्षण/प्रशिक्षार्थीको रुपमा वित्तीय संस्थाले तोकेको कार्यालयमा खटाइनेछ।

८. **पेस गर्नु पर्ने कागजात तथा विवरणहरु**

क) वित्तीय संस्थाले तोकेको ढाँचाको दरखास्त फाराम एक प्रति (वित्तीय संस्थाको वेवसाईट : www.swbbl.com.np) बाट डाउनलोड गर्नुपर्नेछ।)

ख) हाल सालै खिचेको पासपोर्ट साइजको फोटो दुई प्रति,

ग) नोटरी पब्लिकको कार्यालयबाट प्रमाणित नागरिकता, शैक्षिक योग्यताका चारित्रिक एवं लब्धांक प्रमाणपत्र, कम्प्युटर तालिमको प्रमाणपत्र, कार्य अनुभवको प्रमाणपत्र र अन्य कुनै प्रमाणपत्र भएमा सो को प्रतिलिपिको एक एक प्रति,

घ) नेपाल बाहिरको शैक्षिक संस्थाबाट उत्तीर्ण गरेको शैक्षिक योग्यताको प्रमाणपत्र भएमा समकक्षता प्रमाणपत्र (Equivalence Certificate) को एक प्रति।

९. यस वित्तीय संस्थाको केन्द्रीय कार्यालय कमलपोखरी, काठमाडौंमा आवश्यक सम्पूर्ण कागजपत्र सहित निवेदन पेश गर्नुपर्नेछ।

१०. निवेदकले आफ्नो निवेदनमा र खाम बाहिर विज्ञापन नं. प्रष्ट उल्लेख गर्नुपर्नेछ।